# अर्थ बुलेटिन

वर्ष ७ अंक ५ मङ्सिर, २०८२

नेपाल सरकार
अर्थ मन्त्रालय



## सम्पादकीय

- चालु आर्थिक वर्षको मङ्सिरसम्म वित्त परिसूचकहरु मिश्रित रहेका छन्। सरकारको राजस्व सङ्कलन र खर्च क्रमशः १.७ प्रतिशत र १.५ प्रतिशतले बढेको छ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च घटेको छ।
- वस्तु निर्यात र आयात दुवैमा वृद्धि भएको छ। व्यापार घाटा १०.५ प्रतिशतले बढेको छ। निर्यात-आयात अनुपात सुधार भई १५.२ प्रतिशत पुगेको छ। कुल व्यापारमा निर्यातको अंश १३.२ प्रतिशत पुगेको छ।
- २०८२ कार्तिकको तुलनामा २०८२ मंसिरमा उपभोक्ता मुद्रास्फीति केही बढे पनि समग्र मूल्यस्थिति न्यूनस्तरमा नै रहेको छ। २०८२ मङ्सिरमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १.६३ प्रतिशत रहेको छ भने यस अवधिको औसत मुद्रास्फीति १.५५ प्रतिशत रहेको छ।
- वैदेशिक रोजगारमा जान श्रम स्वीकृति (नयाँ र पुनः श्रम स्वीकृति) लिने कुल नेपाली कामदारको संख्या ४.२ प्रतिशतले बढेको छ। विप्रेषण आप्रवाह ३५.६ प्रतिशतले बढेको छ।
- चालु खाता र शोधनान्तर स्थिति उच्च बचतमा रहेका छन्। विदेशी विनिमय सञ्चिति निरन्तर बढ्दै गएकाले १८.२ महिनाको वस्तु तथा सेवाको आयात धान्ने सञ्चिति पर्याप्तता रहेको छ।
- वित्तीय क्षेत्रका परिसूचक सामान्य रहेका छन्। ब्याजदर घटेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.६ प्रतिशतले बढेको छ। निष्क्रय कर्जा बढेको छ। प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाहित गर्न र निष्कृय कर्जा अनुपात घटाउने चुनौती यथावत नै छ।
- नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या बढेको छ। बीमाको दायरा तथा बीमा प्रिमियम सङ्कलन बढेको छ। पुँजी बजारप्रति लगानीकर्ताको आकर्षणको बावजुद पनि नेप्से सूचकाङ्कमा सुधार देखिएको छैन।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### सार्वजनिक वित्त

१. चालु आर्थिक वर्षको मङ्सिरसम्म सार्वजनिक वित्तका सूचक मिश्रित रहेका छन्। संघीय सरकारी खर्च र राजस्व सङ्कलनमा केही वृद्धि भएको छ। तथापि, पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चमा कमी आएको छ। आयकर र गैरकर राजस्वको सङ्कलन घटेकोले राजस्व सङ्कलनको वृद्धिदर न्यून रहेको छ।

**चार्ट (क): राजस्व र संघीय खर्चको स्थिति** (रु. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### संघीय सरकारी खर्च

२. गत आर्थिक वर्षको पहिलो ५ महिनाको तुलनामा पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च घटेपनि कुल संघीय खर्च भने केही बढेको छ। आर्थिक वर्ष २०८२/८३ को मङ्सिर महिनासम्म कुल संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.५ खर्ब ५६ अर्ब १२ करोडको तुलनामा १.५ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ६४ अर्ब ४६ करोड पुगेको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको मङ्सिरसम्मको खर्च स्थिति** (रु. करोडमा)

| शीर्षक | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| चालु | ३१७३२.८८ | ३५४२५.६९ | ३५९९९.५७ | ३६३५५.१४ | ३९८०४.७२ |
| पुँजीगत | २८४०.३५ | ३३९९.१६ | ३६०६.०३ | ४०८०.०६ | ३३८७.४३ |
| वित्तीय व्यवस्था | ४१३०.२० | ४६९६.२६ | ५६९३.९७ | १५१७६.५७ | १३२५३.९७ |
| **जम्मा** | **३८७०३.४३** | **४३५२१.११** | **४५२९९.५७** | **५५६११.७७** | **५६४४६.१२** |


स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. यस अवधिमा संघीय सरकारको चालु खर्च ९.५ प्रतिशतले बढेको छ भने पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः १७.० प्रतिशत र १२.७ प्रतिशतले घटेको छ।

४. यस अवधिको कुल संघीय खर्चमध्ये चालु खर्च ७०.५ प्रतिशत, पुँजीगत खर्च ६.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च २३.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ६५.४ प्रतिशत, ७.३ प्रतिशत र २७.३ प्रतिशत रहेको थियो।

**चार्ट (ख): पछिल्लो दश आर्थिक वर्षको मङ्सिरसम्मको खर्च संरचना**

(संघीय खर्चको प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

५. पछिल्ला वर्षमा वित्तीय व्यवस्थातर्फको खर्च उच्चदरले बढेको छ। भूकम्प पछिको पुनर्निर्माण, संघीयता कार्यान्वयन एवम् व्यवस्थापन, कोभिड-१९ को महामारी नियन्त्रण लगायका क्षेत्रमा सार्वजनिक ऋणको उपयोग बढाउँदै लगिएकोले वित्तीय व्यवस्थातर्फको खर्च तुलनात्मकरुपमा उच्च रहन गएको छ। यद्यपि, निर्वाचन लगायत अत्यावश्यक कार्यको लागि नगद प्रवाह व्यवस्थापन गर्नुपरेकोले यस अवधिको सावाँ भुक्तानी खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही न्यून रहेको छ।

६. चालु आर्थिक वर्षको मङ्सिरसम्मको खर्चलाई आधार मान्दा असोज महिनाको खर्चभार सबैभन्दा बढी रहेको छ। असोजमा मात्र कुल खर्चको ३२.७ प्रतिशत खर्च भएको छ। सबैभन्दा कम साउनमा ८.२ प्रतिशत खर्च भएको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको मङ्सिरसम्मको मासिक खर्चको विवरण** (रु. करोडमा)

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १८४७.९८ | ७२.६३ | २७१०.०० | ४६३०.६१ | ०.०८२ |
| भदौ | ९५७०.७४ | ५६२.७० | ३२५२.९९ | १३३८६.४३ | ०.२३७ |
| असोज | १४२६१.८८ | १२८३.०१ | २८९७.०१ | १८४४१.९० | ०.३२७ |
| कात्तिक | ६४१८.६२ | ६१३.०० | ३३९८.३८ | १०४३०.०० | ०.१८५ |
| मङ्सिर | ७७०५.५० | ८५६.०९ | ९९५.५९ | ९५५७.१८ | ०.१६९ |
| **जम्मा** | **३९८०४.७२** | **३३८७.४३** | **१३२५३.९७** | **५६४४६.१२** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

## राजस्व परिचालन

७. राजस्व सङ्कलन न्यून दरले बढेको छ। चालु आर्थिक वर्षको मङ्सिरसम्म संघीय सरकारको कुल राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको रु.३ खर्ब ९९ अर्ब ६० करोडको तुलनामा १.७ प्रतिशतले बढेर रु.४ खर्ब ६ अर्ब ३० करोड पुगेको छ। यस अवधिमा कर राजस्व ५.४ प्रतिशतले बढेको छ भने गैर-कर राजस्व ३५.० प्रतिशतको उच्च दरले घटेको छ। यस अवधिमा राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रु.४ खर्ब ९ अर्ब ७८ करोड पुगेको छ।


**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| कर राजस्व | ३८०२३.०२ | ३०१४६.४५ | ३३७१८.६६ | ३६२५८.०५ | ३८२२३.१० |
| गैर-कर राजस्व | ३२१७.३२ | २५४२.५६ | २६२४.२५ | ३७०१.८४ | २४०७.२७ |
| **कुल राजस्व** | **४१२४०.३४** | **३२६८९.०१** | **३६३४२.९२** | **३९९५९.८९** | **४०६३०.३७** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

८. गैरकर राजस्वमा आएको उच्च कमीको कारण कुल राजस्वमा कर राजस्वको योगदान बढेको छ। यस अवधिमा सङ्कलित कुल राजस्वमध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ९४.१ प्रतिशत र ५.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ९०.७ प्रतिशत र ९.३ प्रतिशत रहेको थियो।

चार्ट (ग): पछिल्लो १० आर्थिक वर्षको मङ्सिरसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

९. नेपालको राजस्व सङ्कलन आयातमूखि रहेको छ। आयातमा हुने परिवर्तनसँगै तद्अनुरुपको प्रभाव राजस्व सङ्कलनमा पर्ने गरेको छ। आर्थिक वर्ष २०७८/७९ मा ३६.९ प्रतिशतको उच्च वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० मा २०.७ प्रतिशतले सङ्कुचन भएको थियो। तत्पश्चातका वर्षमा भने राजस्व सङ्कलनमा क्रमिक सुधार हुँदै गएको देखिन्छ। विविध चुनौतीका बावजुद चालु आर्थिक वर्षको पहिलो ५ महिनामा राजस्व सङ्कलन सिमान्त दरले बढेको छ।

१०. चालु आर्थिक वर्षको पहिलो पाँच महिनाको अवधिमा सङ्कलित कुल राजस्वमध्ये मूल्य अभिवृद्धि करको योगदान सबैभन्दा बढी ३३.३ प्रतिशत र शिक्षा सेवा शुल्कको योगदान सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त शीर्षकको राजस्व योगदान क्रमश ३१.३ प्रतिशत र ०.४ प्रतिशत रहेको थियो।

चार्ट (घ): पछिल्लो २ आर्थिक वर्षको मङ्सिरसम्म सङ्कलित राजस्वको संरचना




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८२।

११. चालु आर्थिक वर्षको मङ्सिरसम्म आयकर र गैर-कर राजस्व शीर्षक बाहेक अन्य राजस्व शीर्षकमा राजस्व सङ्कलन बढेको छ। यस अवधिमा शिक्षा सेवा शुल्क सङ्कलन ६१.६५ प्रतिशतको उच्चदरले बढेको छ भने अन्तःशुल्क सङ्कलन १०.० प्रतिशत, भन्सार महशुल ९.५ प्रतिशत र मूल्य अभिवृद्धि कर ८.२ प्रतिशतले बढेको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको मङ्सिरसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८२/८३ को वार्षिक लक्ष्य | आ.व. २०८०/८१ मङ्सिरसम्मको सङ्कलन | आ.व. २०८१/८२ मङ्सिरसम्मको सङ्कलन | आ.व. २०८२/८३ मङ्सिरसम्मको लक्ष्य | आ.व. २०८२/८३ मङ्सिरसम्मको सङ्कलन | मङ्सिरसम्मको लक्ष्यको तुलनामा असुली प्रतिशत | वार्षिक लक्ष्यको तुलनामा असुली प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| भन्सार महशुल | ३०५५७.०५ | ७९५९.३९ | ८५८९.६० | १२२००.७६ | ९४०५.८७ | ७७.१ | ३०.७८ | ९.५० |
| मूल्य अभिवृद्धि कर | ३९४५९.५२ | ११५३५.२६ | १२५१४.६० | १५४६२.२६ | १३५४२.५१ | ८७.६ | ३४.३२ | ८.२१ |
| उत्पादन, बिक्री, सेवा | १७२७९.८९ | ४५१८.७१ | ५२८५.०२ | ६२१८.३७ | ५६६७.५३ | ९१.१ | ३२.८० | ७.२४ |
| पैठारी | २२१७९.६३ | ७०१६.५५ | ७२२९.५८ | ९२४३.८९ | ७८७४.९८ | ८५.२ | ३५.५१ | ८.९३ |
| अन्तःशुल्क | २१३१५.७७ | ५६६७.२७ | ६९१५.०० | ८४३०.३२ | ७६०६.२१ | ९०.२ | ३५.६८ | १०.०० |
| आन्तरिक उत्पादन | १५२२७.१२ | ४१०९.४० | ४९९८.५१ | ५९०५.७६ | ५४३१.७७ | ९२.० | ३५.६७ | ८.६७ |
| पैठारी | ६०८८.६५ | १५५७.८७ | १९१६.४९ | २५२४.५५ | २१७४.४४ | ८६.१ | ३५.७१ | १३.४६ |
| शिक्षा सेवा शुल्क | ५२३.१३ | १३४.६५ | १४९.५८ | १९०.३३ | २४१.८१ | १२७.० | ४६.२२ | ६१.६५ |
| आयकर | ४०७०२.९२ | ८४२२.१० | ८०८९.२६ | १११७८.६४ | ७४२६.७० | ६६.४ | १८.२५ | -८.१९ |
| आयकर | ३५५४४.८८ | ६६९५.१३ | ६५९१.२६ | ८६२१.२१ | ६१६५.०९ | ७१.५ | १७.३४ | -६.४७ |
| ब्याज कर | ५१५८.०५ | १७२६.९६ | १४९८.०० | २५५७.४२ | १२६१.६१ | ४९.३ | २४.४६ | -१५.७८ |
| कर राजस्व | १३२५५८.३९ | ३३७१८.६६ | ३६२५८.०५ | ४७४६२.३१ | ३८२२३.०९ | ८०.५ | २८.८३ | ५.४२ |
| गैरकर राजस्व | १५४४१.६१ | २६२४.२५ | ३७०१.८५ | ४५८१.३५ | २४०७.२७ | ५२.५ | १५.५९ | -३४.९७ |
| **कुल राजस्व** | **१४८०००.००** | **३६३४२.९२** | **३९९५९.८९** | **५२०४३.६५** | **४०६३०.३६** | **७८.१** | **२७.४५** | **१.६८** |
| अन्य प्राप्ति | ०.०० | १७७३.६९ | ६१७.४२ | ०.०० | ३४७.७९ | - | - | -४३.६७ |
| **कुल प्राप्ति** | **१४८०००.००** | **३८११६.६१** | **४०५७७.३१** | **५२०४३.६५** | **४०९७८.१६** | **७८.७** | **२७.६९** | **०.९९** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निर्यात, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

१२. यस अवधिमा शिक्षा सेवा शुल्क लक्ष्यभन्दा बढी सङ्कलन भएको छ। यस अवधिको सङ्कलित राजस्व ५ महिनासम्मको लक्ष्यको तुलनामा ७८.१ प्रतिशत र वार्षिक लक्ष्यको तुलनामा २७.४५ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको मङ्सिरसम्मको लक्ष्यको तुलनामा कर राजस्वको असुली ८०.५ प्रतिशत र गैरकर राजस्वको असुली ५२.५ प्रतिशत रहेको छ।

## संघीय राजस्व

१३. चालु आर्थिक वर्षको मङ्सिरसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू.३ खर्ब ४७ अर्ब ६ करोडको तुलनामा ०.७ प्रतिशतले वृद्धि भई रू.३ खर्ब ४९ अर्ब ३८ करोड पुगेको छ।

१४. यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व भने ८.३ प्रतिशतले वृद्धि भई रु.५६ अर्ब ९२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व रु.५२ अर्ब ५४ करोड रहेको थियो।

## करको दायरा विस्तार

१५. स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेको छ। २०८२ मङ्सिरसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ७२ लाख ८५ हजार ७ सय १६ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८२ असारसम्म | आ.व.२०८१/८२ को मङ्सिर थप | २०८२/८३ मङ्सिर सम्मको थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २०६०७५८ | ४६१९२ | ४४९२२ | २१०५६८० |
| करकट्टी गर्ने निकायले लिएको स्था.ले.नं | ३५८७० | ११०६ | ७२७ | ३६५९७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४९०२७२२ | २४७४४६ | २४०७१७ | ५१४३४३९ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६९९९३५०** | **२९४७४४** | **२८६३६६** | **७२८५७१६** |
| मूल्य अभिवृद्धि कर (VAT) | ३५१७३५ | ९८०० | १०९४३ | ३६२६७८ |
| अन्तःशुल्क (Excise) | १२४९९७ | ४४८३ | ४३७८ | १२९३७५ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८२।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।


१६. २०८२ मङ्सिरसम्म दर्ता कायम रहेका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ७०.६ प्रतिशत रहेको छ। त्यसैगरी, व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २८.९ प्रतिशत र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ०.५ प्रतिशत रहेको छ। २०८१ मङ्सिरमा उक्त करदाताको हिस्सा क्रमशः ६९.० प्रतिशत, ३०.५ प्रतिशत र ०.५ प्रतिशत रहेको थियो। यस अवधिसम्म मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ६२ हजार ६ सय ७८ र अन्तःशुल्कमा दर्ता भएका करदाताको सङ्ख्या १ लाख २९ हजार ३ सय ७५ पुगेको छ।

## वैदेशिक सहायता

१७. गत आर्थिक वर्षको पहिलो पाँच महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिबद्धतामा कमी आएको छ। यस अवधिको वैदेशिक सहायता प्रतिबद्धता रु.४६ अर्ब ८६ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु.९६ अर्ब ७२ करोड रहेको थियो। यस अवधिको कुल सहायता प्रतिबद्धतामध्ये ३२.२ प्रतिशत अनुदान र ६७.८ प्रतिशत ऋण रहेको छ।

१८. कुल सहायता प्रतिबद्धतामध्ये सबैभन्दा बढी ७३.३ प्रतिशत सडक पूर्वाधार क्षेत्रमा र सबैभन्दा कम प्रतिवद्धता शिक्षा क्षेत्रमा ०.३ प्रतिशत रहेको छ। चीन सरकारले स्वास्थ्य क्षेत्र र मानव संशाधन विकास क्षेत्रमा थप सहायता गर्ने प्रतिबद्धता जनाएको छ ।

चार्ट (ङ): चालु आर्थिक वर्षको मङ्सिरसम्म प्राप्त विकास सहायता प्रतिबद्धता (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय, २०८२।

१९. यस अवधिमा प्राप्त कुल वैदेशिक सहायता प्रतिबद्धतामध्ये सबैभन्दा बढी जापान सरकारबाट (जाइका) ४५.१ प्रतिशत प्राप्त भएको छ भने बाँकी सहायता प्रतिवद्धता चीन, विश्व खाद्य कार्यक्रम, युरोपेली युनियन, विश्व बैंक, कोइका लगायतबाट प्राप्त भएको छ।

## सार्वजनिक ऋण

२०. सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋणमा वृद्धि भएको छ। २०८२ मङ्सिरसम्म संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण गत वर्षको सोही अवधिको तुलनामा ११.९ प्रतिशतले वृद्धि भई रू.२७ खर्ब ८८ अर्ब ५३ करोड पुगेको छ, जुन गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको ४५.६६ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४६.७ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ। २०८१ मङ्सिरमा यस्तो हिस्सा क्रमशः ४८.९ प्रतिशत र ५१.१ प्रतिशत रहेको थियो।

२१. चालु आर्थिक वर्षको मङ्सिरसम्म संघीय सरकारको कुल ऋण सेवा खर्च रु.१ खर्ब ६७ अर्ब २ करोड रहेको छ। यस अवधिमा आन्तरिक ऋणतर्फ रु.१ खर्ब १४ अर्ब २६ करोड र बाह्य ऋणतर्फ रु.२४ अर्ब ५ करोड गरी जम्मा रु.१ खर्ब ३८ अर्ब ३१ करोड सावाँ भुक्तानी भएको छ। साथै, आन्तरिक ऋणतर्फ रु.२३ अर्ब ४२ करोड र बाह्य ऋणतर्फ रु.५ अर्ब २९ करोड गरी कुल रु.२८ अर्ब ७१ करोड ब्याज भुक्तानी भएको छ।

२२. चालु आर्थिक वर्षको मङ्सिरसम्म आन्तरिक ऋणतर्फ रु.१ खर्ब ४७ अर्ब ६६ करोड ६९ लाख र बाह्य ऋणतर्फ रु.२७ अर्ब ४५ करोड ६२ लाख गरी कुल रु.१ खर्ब ७५ अर्ब १२ करोड ३१ बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।


## वास्तविक क्षेत्र

### समग्र मूल्य स्थिति

२३. उपभोक्ता मुद्रास्फीति न्यूनस्तरमा रहेको छ। २०८२ मङ्सिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १.६३ प्रतिशत रहेको छ। २०८१ मङ्सिरमा यस्तो मुद्रास्फीति ६.०५ प्रतिशत रहेको थियो। यद्यपि, २०८२ कात्तिकको तुलनामा २०८२ मङ्सिर महिनाको वार्षिक विन्दुगत

उपभोक्ता मुद्रास्फीति केही उच्च रहेको छ। २०८२ मङ्सिर महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.०५ प्रतिशतले घटेको र गैर खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.७५ प्रतिशतले बढेको छ।

**चार्ट (च): पछिल्लो ५ वर्षको मासिक उपभोक्ता मुद्रास्फीति** (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

## मौद्रिक क्षेत्र

### निक्षेप तथा कर्जा प्रवाह

२४. बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप तथा कर्जा प्रवाह दुवै बढेको छ भने ब्याजदर घटेको छ। यस अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेको छ।

२५. २०८२ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २०८२ मङ्सिर मसान्तमा ३.९ प्रतिशतले बढेर रु.७५ खर्ब ४५ अर्ब ७७ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो निक्षेप २.७ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ मङ्सिर मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.९ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थामा रहेको यस अवधिसम्मको कुल निक्षेप गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको १२३.६ प्रतिशत पुगेको छ।

२६. २०८२ मङ्सिर मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा १.९ प्रतिशतले बढेर रु.५५ खर्ब ९९ अर्ब ९५ करोड पुगेको छ। २०८१ को सोही अवधिमा यस्तो कर्जा ३.५ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ मङ्सिर मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.६ प्रतिशतले बढेको छ। यस अवधिसम्म निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जा गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको ९१.७ प्रतिशत रहेको छ।

**तालिका (च) : चालु आर्थिक वर्षको मङ्सिरसम्म बैंक तथा वित्तीय क्षेत्रबाट प्रवाह भएको क्षेत्रगत कर्जा प्रवाहको अवस्था**
(कुल कर्जाको प्रतिशतमा)

| कर्जा प्रवाह भएको क्षेत्र | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|---|
| कृषि | ७.९ | ८.५ | ८.३ | ७.८ | ७.२ |
| खनिज | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ |
| उत्पादन | १५.५ | १५.४ | १६.० | १६.२ | १६.० |
| निर्माण | ५.० | ४.१ | ४.४ | ४.० | ४.३ |
| स्टील उत्पादन, मेसिनरी तथा विद्युतीय सामाग्री उत्पादन तथा फिटिङ्ग | १.६ | १.६ | १.४ | १.३ | १.३ |
| यातायातका साधन उत्पादन तथा फिटिङ्ग | १.२ | १.२ | १.० | ०.९ | ०.९ |
| यातायात, सञ्चार तथा सार्वजनिक सेवा | ५.८ | ६.४ | ७.४ | ८.० | ८.७ |
| थोक तथा खुद्रा व्यापार | २०.२ | २०.४ | २०.० | १९.५ | १८.२ |
| वित्त, बीमा तथा स्थिर लगानी | ७.९ | ७.७ | ७.४ | ७.६ | ७.६ |
| सेवामूलक उद्योग | ८.२ | ८.६ | ८.४ | ८.५ | ८.६ |
| उपभोगको लागि ऋण | १७.१ | १८.६ | १९.० | १९.७ | २१.३ |
| स्थानीय सरकार | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अन्य | ९.४ | ७.५ | ६.५ | ६.२ | ५.६ |
| **जम्मा** | १०० | १०० | १०० | १०० | १०० |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

२७. यस अवधिमा भएको कर्जा प्रवाहमध्ये उपभोगमा आधारित ऋण (Consumable loan) को हिस्सा सबैभन्दा बढी २१.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम ऋण प्रवाह स्थानीय तहमा भएको छ। विगत पाँच आर्थिक वर्षको मङ्सिरसम्मको ऋण प्रवाहको प्रवृत्ति विश्लेषण गर्दा उपभोगमा आधारित ऋण र यातायात, सञ्चार तथा सार्वजनिक सेवा तर्फको ऋणको अंश बढ्दो दरमा रहेको छ।

२८. बैंक तथा वित्तीय संस्थाको ब्याजदर घटेको छ। २०८१ मङ्सिरमा वाणिज्य बैंकको निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर क्रमशः ४.७८ प्रतिशत र ८.९० प्रतिशत रहेकोमा २०८२ मङ्सिरमा क्रमशः ३.६६ प्रतिशत र ७.२६ प्रतिशतमा झरेको छ।

२९. २०८२ मङ्सिर मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या २०८१ मङ्सिरमा ११ हजार ५ सय ५० रहेकोमा २०८२ मङ्सिरमा ११ हजार ५ सय १९ कायम भएको छ। चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा एटिएम बुथको सङ्ख्या ४७ थप भई ५,२७४ पुगेको छ।

३०. बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा बढेको छ भने विपन्न क्षेत्र कर्जा घटेको छ। २०८१ मङ्सिरमा कुल कर्जाको ४.४२ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ को सोहि अवधिमा ५.५४ प्रतिशत पुगेको छ। त्यसैगरी, २०८१ मङ्सिरमा विपन्न क्षेत्र कर्जा कुल कर्जा लगानीको ६.१७ प्रतिशत रहेकोमा २०८२ कात्तिकमा ५.३६ प्रतिशत रहेको छ।

## मुद्राप्रदाय

३१. आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा विस्तृत मुद्राप्रदाय (एम$_२$) ३.७ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा पनि यस्तो मुद्राप्रदाय ३.३ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा, २०८१ मङ्सिर मसान्तको तुलनामा २०८२ मङ्सिर मसान्तमा विस्तृत मुद्राप्रदाय १२.९ प्रतिशतले बढेको छ।

३२. वार्षिक बिन्दुगत आधारमा सङ्कुचित मुद्राप्रदाय (एम$_१$) २०८२ मङ्सिर मसान्तमा १६.२ प्रतिशतले बढेको छ। २०८१ मङ्सिर मसान्तमा यस्तो मुद्राप्रदाय ३.५ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

### सेवा व्यापार


३३. आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा कुल सेवा आय गत वर्षको सोही अवधिको तुलनामा १०.८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २ अर्ब ६० करोड पुगेको छ। यस अवधिको कुल सेवा खर्च गत वर्षको सोही अवधिको तुलनामा १६.६ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ३९ अर्ब १४ करोड पुगेको छ।

३४. आर्थिक वर्ष २०८२/८३ को मङ्सिरसम्म खुद सेवा आय रू.३६ अर्ब ५४ करोड घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू.२६ अर्ब ६७ करोड घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३५. विप्रेषण आप्रवाहमा निरन्तर वृद्धि भएको छ। चालु आर्थिक वर्षको मङ्सिरसम्म विप्रेषण आप्रवाह रू.८ खर्ब ७० अर्ब ३१ करोड (अमेरिकी डलर ६ अर्ब १६ करोड) पुगेको छ। यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैंयामा ३५.६ प्रतिशत र अमेरिकी डलरमा २९.० प्रतिशतले बढेको छ।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको मङ्सिरसम्मको विप्रेषण आप्रवाहको प्रवृत्ति र वृद्धिदर





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

३६. चालु आर्थिक वर्षको मङ्सिरसम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.८ प्रतिशतले कमी आई १ लाख ७५ हजार ५ सय ९१ रहेको छ। यस अवधिमा वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या भने गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.० प्रतिशतले वृद्धि भई १ लाख ६३ हजार ९ सय २४ पुगेको छ। समग्रमा यस अवधिमा वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने कुल नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको ३ लाख २५ हजार ८ सय ९ को तुलनामा ४.२ प्रतिशतले वृद्धि भई ३ लाख ३९ हजार ५ सय १५ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३७. पछिल्ला आर्थिक वर्षमा चालु खाता सन्तुलन र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहँदै आएका छन्। आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा चालु खाता रु.३ खर्ब ५८ अर्ब ८३ करोड र शोधनान्तर स्थिति रु.४ खर्ब २१ अर्ब ८९ करोडले बचतमा रहेका छन्। विप्रेषण आप्रवाह, वस्तु निकासी, भ्रमण आय लगायतमा भएको वृद्धि स्वरुप चालु खाता सन्तुलन र शोधनान्तर स्थितिको बचत बढ्दै गएको छ।

चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको मङ्सिरसम्मको चालु खाता र शोधनान्तर स्थिति (रु.अर्बमा)





स्रोत: नेपाल राष्ट्र बैंक, २०८२

३८. आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा चालु खाता बचत अघिल्लो आर्थिक वर्षको वचत रू.१ खर्ब ५८ अर्ब ४५ करोडको तुलनामा उच्च दरले वृद्धि भई रु.३ खर्ब ५८ अर्ब ८३ करोड पुगेको छ। त्यसैगरी यस अवधिको शोधनान्तर स्थिति रु.४ खर्ब २१ अर्ब ८९ करोडले बचतमा रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८७.२ प्रतिशतले बढी हो।

## विदेशी विनिमय सञ्चिति

३९. आर्थिक वर्ष २०७७/७८ को मङ्सिरसम्म विदेशी विनिमय सञ्चिति न्यून रहेकोमा बाह्य क्षेत्र सुधारका कदमबाट उक्त सञ्चितिमा सुधार हुँदै गएको छ। २०८२ मङ्सिर मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८२ असारमसान्तको तुलनामा १९.६ प्रतिशत र २०८१ मङ्सिर मसान्तको तुलनामा ४०.८ प्रतिशतले बढेर रू.३२ खर्ब १ अर्ब ४७ करोड पुगेको छ। अमेरिकी डलरमा, यस्तो सञ्चिति २०८२ असार मसान्तको तुलनामा १३.५ प्रतिशतले बढेर २२ अर्ब १३ करोड पुगेको छ।

चार्ट (झ): विदेशी मुद्रा सञ्चिति (रु.अर्बमा) र सञ्चिति पर्याप्तता सूचकाङ्क (दायाँ अक्ष-महिनामा)





स्रोत: नेपाल राष्ट्र बैंक, २०८२

४०. आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २१.७ महिनाको वस्तु आयात तथा १८.२ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सञ्चिति पर्याप्तता क्रमशः १७.६ महिनाको वस्तु आयात र १४.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त थियो।

## विनिमय दर

४१. २०८२ असार मसान्तको तुलनामा २०८२ मङ्सिर मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ५.१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१४४.३७ पुगेको छ। २०८२ असार मसान्तमा यस्तो विनिमय दर रु.१३७.०० रहेको थियो। पछिल्लो पाँच आर्थिक वर्षको विनिमय दरको प्रवृत्ति हेर्दा अमेरिकी डलरसँग नेपाली रुपैँया केही महिनामा बाहेक हरेकजसो महिनामा अवमूल्यन भएको छ।

**चार्ट (ज): पछिल्लो पाँच आर्थिक वर्षको खरिद विनिमय दरको प्रवृत्ति** (अमेरिकी डलर १ = ... नेपाली रुपैया)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२

## बाह्य क्षेत्र

४२. वस्तु आयात र वस्तु निर्यात दुवै बढेका छन्। चालु आर्थिक वर्षको मङ्सिरसम्म कुल वस्तु व्यापार २०.१ प्रतिशतले वृद्धि भई रु.८ खर्ब ८२ अर्ब ७० करोड पुगेको छ। पछिल्लो दश आर्थिक वर्षको पहिलो पाँच महिनासम्म भएको वस्तु निर्यातको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा बाहेक अन्य आर्थिक वर्षमा निर्यात व्यापारमा वृद्धि भएको छ। चालु आर्थिक वर्षको मङ्सिर सम्म कुल वस्तु निर्यात ५८.२ प्रतिशतको उच्च दरले बढेको छ।

४३. एक दशकको मङ्सिरसम्मको निर्यात-आयात अनुपातलाई हेर्दा चालु आर्थिक वर्षको पहिलो ५ महिनामा यस्तो अनुपात सबैभन्दा उच्च १५.२ प्रतिशत पुगेको छ। त्यसैगरी, यस अवधिमा कुल व्यापारमा निर्यातको अंश सबैभन्दा उच्च १३.२ प्रतिशत पुगेको छ।

४४. यस अवधिको कुल व्यापारमा भारत, चीन र अन्य मुलुकको हिस्सा क्रमशः ५९.९ प्रतिशत, १८.६ प्रतिशत र २१.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ६२.९ प्रतिशत, १८.१ प्रतिशत र १९.० प्रतिशत रहेको थियो।

**तालिका (छ): पछिल्लो पाँच आर्थिक वर्षको मङ्सिरसम्मको वस्तु व्यापारको विवरण** (रु. करोडमा)

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वस्तु आयात | ८३८४०.७१ | ६६४७४.७१ | ६४२२०.९८ | ६६१४८.७९ | ७६६१८.९२ |
| वस्तु निर्यात | १०२९१.९३ | ६७३०.४१ | ६३२०.६८ | ७३६५.९२ | ११६५०.९० |
| कुल व्यापार | ९४१३२.६४ | ७३२०५.१२ | ७०५४१.६६ | ७३५१४.७१ | ८८२६९.८२ |
| व्यापार घाटा | ८३८४०.७१ | ६६४७४.७१ | ६४२२०.९८ | ६६१४८.७९ | ७६६१८.९२ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | १२.३ | १०.१ | ९.८ | ११.१ | १५.२ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | १०.९ | ९.२ | ९.० | १०.० | १३.२ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ८९.१ | ९०.८ | ९१.० | ९०.० | ८६.८ |

स्रोतः भन्सार विभाग, २०८२।

## वस्तु निर्यात

४५. आर्थिक वर्ष २०८२/८३ को मङ्सिरसम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५८.२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १६ अर्ब ५१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात १६.५ प्रतिशतले बढेर रु.७३ अर्ब ६६ करोड पुगेको थियो। यस अवधिमा कारोवार मूल्यका आधारमा भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, अलैंची, जुटका बुनिएका कपडा, सूर्यमुखीको प्रशोधित तेल, जमोठ कपडा लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ। त्यसैगरी, उनी गलैंचा कार्पेट, सेन्थेटिक यार्न, तयारी कपडा, फलामे पाता लगायतका वस्तुको निर्यात घटेको छ।

**तालिका (ज): पछिल्लो दुई आर्थिक वर्षको मङ्सिरसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति**

(रु. करोडमा)

| वस्तु | २०८१ मङ्सिर | २०८२ मङ्सिर | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ८३६.८५ | ४६५५.८७ | ४५६.३६ |
| अलैंची | ३४५.७३ | ५५३.३२ | ६०.०४ |
| सेन्थेटिक यार्न | ५७०.८१ | ५२१.७२ | -८.६० |
| उनी गलैंचा कार्पेट | ४९६.३३ | ४१४.६२ | -१६.४६ |
| तयारी कपडा | ३९०.७४ | ३७४.७१ | -४.१० |
| सुर्यमुखिको प्रशोधित तेल | २९७.६१ | ३७३.६८ | २५.५६ |
| फलफुलको जुस | ३१४.३६ | ३०७.०९ | -२.३१ |
| जुटका बुनिएका कपडा | २२३.५३ | २८३.९ | २७.०१ |
| प्रशोधित पाम तेल | ८५.२२ | २८२.६ | २३१.६१ |
| जमोठ कपडा | २३३.०३ | २६३.६८ | १३.१५ |
| अन्य | ३५७१.७२ | ३६१९.६५ | १.३४ |
| **जम्मा** | **७३६५.९३** | **११६५०.८४** | **५८.१७** |

स्रोतः भन्सार विभाग, २०८२।

४६. यस अवधिमा भारततर्फ भएको निर्यातको अंश तीन चौथाई भन्दा बढी रहेको छ। यस अवधिको कुल वस्तु निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ८१.६ प्रतिशत, ०.४ प्रतिशत र १८.० प्रतिशत रहेको छ। गत वर्ष यस्तो अंश क्रमशः ७०.० प्रतिशत, २.४ प्रतिशत र २७.० प्रतिशत रहेको थियो।

४७. यस अवधिको निर्यातमा सबैभन्दा बढी अंश प्रशोधित भटमासको तेलको (४०.० प्रतिशत) रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा प्रशोधित भटमासको तेलको निर्यातमा हिस्सा ११.४ प्रतिशत रहेको थियो। प्रशोधित भटमासको तेल भारततर्फ निर्यात भएकाले भारततर्फको कुल निर्यातमा ८२.७ प्रतिशतको उच्च दरले वृद्धि भएको छ। यस अवधिमा अन्य मुलुकतर्फ भएको निर्यात ५.५ प्रतिशतले बढेको छ भने चीनतर्फको निर्यात ७३.३ प्रतिशतले घटेको छ।

४८. यस अवधिको कुल निर्यातमध्ये प्रमुख १० वस्तुको अंश ६८.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्ता वस्तुको अंश ५१.५ प्रतिशत रहेको थियो।

## वस्तु आयात

४९. वस्तु आयात बढ्दै गएको छ। चालु आर्थिक वर्षको मङ्सिरसम्म कुल वस्तु आयात १५.८ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ६६ अर्ब १९ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ३.० प्रतिशतले वृद्धि भई रु.६ खर्ब ६१ अर्ब ४९ करोड पुगेको थियो।

५०. यस अवधिमा कारोवार मूल्यका आधारमा सुन, डीएपी मल र भटमासको कच्चा तेल, मोवाइल/टेलिफोन, डिजेल, शुद्ध फलाम, पेट्रोल लगायतका वस्तुको आयात बढेको छ भने एच.आर.सिट, एल.पि. ग्यास, तयारी कपडा लगायतका वस्तुको आयात घटेको छ।

५१. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशबाट भएको आयातको अंश क्रमशः ५६.७ प्रतिशत, २१.४ प्रतिशत र २२.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६२.१ प्रतिशत, १९.९ प्रतिशत र १८.१ प्रतिशत रहेको थियो।

५२. यस अवधिमा भारत, चीन र अन्य देशहरूतर्फको आयातमा क्रमशः ५.७ प्रतिशत, २४.६ प्रतिशत र ४०.८ प्रतिशतले वृद्धि भएको छ।

५३. चालु आर्थिक वर्षको मङ्सिरसम्म आयात भएका प्रमुख १० वस्तुको कुल आयातमा अंश ३३.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यी वस्तुहरुको कुल आयातमा अंश २८.४ प्रतिशत रहेको थियो। यस अवधिमा सबैभन्दा बढी आयात भएको कच्चा भटमासको तेलको कुल आयातमा अंश ६.१ प्रतिशत रहेको छ। यस अवधिमा रु.४६ अर्ब ९७ करोड बराबरको कच्चा भटमासको तेल आयात भएको छ भने रु.४६ अर्ब ५६ करोड बराबरको प्रशोधित भटमासको तेल निर्यात भएको छ।

**तालिका (झ): पछिल्लो दुई आर्थिक वर्षको मङ्सिरसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति**

(रु. करोडमा)

| वस्तु | २०८१ मङ्सिर | २०८२ मङ्सिर | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|
| भटमासको तेल कच्चा | १३४१.५४ | ४६९७.०१ | २५०.१ |
| डिजेल | ४२१७.२९ | ४५६०.६२ | ८.१ |
| पेट्रोल | २६४५.४४ | २७३३.०२ | ३.३ |
| एल.पि. ग्यास | २४२२.९३ | २२३९.४७ | -७.६ |
| शुद्ध फलाम | २०९६.९४ | २१८४.६३ | ४.२ |
| तयारी कपडा | १९८७.३४ | १९६६.३३ | -१.१ |
| मोवाइल टेलिफोन | १६०१.७९ | १९४३.५१ | २१.३ |
| डीएपी मल | ३८२.९१ | १९०७.३३ | ३९८.१ |
| सुन | ३३५.०९ | १६३७.१८ | ३८८.६ |
| एच.आर.सिट | १७६२.८६ | १३९६.७३ | -२०.८ |
| कुल | १८७९४.१३ | २५२६५.८३ | ३४.४ |
| अन्य | ४७३५४.६७ | ५१३५३.०५ | ८.४ |
| **जम्मा** | **६६१४८.८** | **७६६१८.८८** | **१५.८** |


स्रोतः भन्सार विभाग, २०८२।

## व्यापार घाटा

५४. व्यापार घाटा वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को मङ्सिरसम्म वस्तु व्यापार घाटा १०.५ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ४९ अर्ब ६८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १.५ प्रतिशतले बढेको थियो।

५५. चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा भारतसँगको व्यापार घाटामा ५.४ प्रतिशतले सुधार भएको छ भने चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः २५.९ प्रतिशत र ४७.९ प्रतिशतले बढेको छ।


**चार्ट (ट): पछिल्लो ५ आर्थिक वर्षको मङ्सिरसम्मको वस्तु व्यापार घाटाको स्थिति** (रु. अर्बमा)




स्रोतः भन्सार विभाग, २०८२।

५६. कुल वस्तु व्यापारमा निर्यातको अंश बढेको छ। चालु आर्थिक वर्षको मङ्सिरसम्मको कुल वस्तु व्यापारमा निर्यातको हिस्सा १३.२ प्रतिशत पुगेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा यस अघि यस्तो अंश आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी १०.९ प्रतिशत पुगेको थियो। गत आर्थिक वर्षदेखि निर्यातमा भएको उल्लेख्य सुधार चालु आर्थिक वर्षको यस अवधिसम्म पनि निरन्तर रहेकोले कुल व्यापारमा वस्तु निर्यातको अंश क्रमशः बढ्दै गएको छ। यद्यपि, सीमित वस्तुको निर्यात मात्र उल्लेख्य बढेको कारण निर्यातमा वस्तुगत तथा देशगत विविधिकरण गर्नुपर्ने चुनौती भने विद्यमान छ।

**चार्ट (ठ): पछिल्लो ५ आर्थिक वर्षको मङ्सिरसम्मको वस्तु व्यापारको स्थिति** (प्रतिशतमा)





स्रोतः भन्सार विभाग, २०८२

## अन्य क्षेत्र

### पर्यटक आगमन

५७. सन् २०२५ मा नेपाल आएका पर्यटकको सङ्ख्या सन् २०२४ को तुलनामा ०.९ प्रतिशतले वृद्धि भई आई ११ लाख ५८ हजार ४ सय ५९ पुगेको छ। सन् २०२४ मा यस्तो सङ्ख्या १३.१ प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ५ सय ६७ रहेको थियो। कोभिड-१९ को प्रभावस्वरुप खस्केको पर्यटक आगमन अझै कोभिडपूर्वको अवस्थामा पुगिसकेको छैन। सन् २०१९ मा नेपाल आएका पर्यटकको सङ्ख्या ११ लाख ९७ हजार १ सय ९१ रहेको थियो।

**चार्ट (ड): पछिल्लो १० वर्षमा** (जनवरीदेखि डिसेम्बरसम्म) **नेपाल भित्रिएका पर्यटकको सङ्ख्या** (हजारमा) **र वृद्धिदर** (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८२।

५८. पर्यटक आगमनमा सिमान्त दरले वृद्धि भए तापनि भ्रमण आयमा भने कमी आएको छ। आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिनामा भ्रमण आयमा ३.७ प्रतिशतले कमी आई रु.३३ अर्ब ९७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय ३.३ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब २६ करोड पुगेको थियो। यस अवधिमा भ्रमण व्ययमा ५.३ प्रतिशतले वृद्धि भई रु.८८ अर्ब ९७ करोड पुगेको छ।

५९. यस अवधिको भ्रमण व्ययमध्ये वैदेशिक अध्ययनमा जाने विद्यार्थीको लागि मात्र ६३.५ प्रतिशत रकम बाहिरिएको छ। जुन रु.५६ अर्ब ५१ करोड ९८ लाख बराबर रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.४७ अर्ब ४५ करोड २० लाख रहेको थियो।

६०. चालु आर्थिक वर्षको पहिलो मङ्सिरसम्म शिक्षा क्षेत्रमा रु.१ अर्ब ६८ करोड ४५ लाख रकम भित्रिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.२ अर्ब ५ करोड ७ लाख रहेको थियो।

## बीमा क्षेत्र

६१. बीमा क्षेत्रका परिसूचक सकारात्मक छन्। चालु आर्थिक वर्षको मङ्सिरसम्म सक्रिय जीवन बीमालेख सङ्ख्या १६.८ प्रतिशतले वृद्धि भई १ करोड ६१ लाख ६७ हजार ८ सय ५४ पुगेको छ। यस अवधिमा निर्जीवन बीमालेख सङ्ख्या समेत ५.६ प्रतिशतले वृद्धि भएको छ। कुल बीमालेख सङ्ख्यामध्ये जीवन बीमाको हिस्सा ९२.३ प्रतिशत रहेको छ।

६२. २०८२ मङ्सिरसम्म म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४९.८ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसङ्ख्या ४३.० प्रतिशत रहेको थियो।


६३. आर्थिक वर्ष २०८२/८३ को मङ्सिरसम्म सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.१ प्रतिशतले वृद्धि भई रु.९८ अर्ब ७६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन रू.८३ अर्ब ६६ करोड रहेको थियो।

६४. यस अवधिको बीमा प्रिमियम सङ्कलनमध्ये जीवन बीमा र निर्जिवन बीमातर्फ सङ्कलित प्रिमियमको हिस्सा क्रमशः ७९.८ प्रतिशत र २०.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको मङ्सिरसम्म यस्तो हिस्सा क्रमशः ७९.१ प्रतिशत र २०.९ प्रतिशत रहेको थियो।

## पुँजी बजार

६५. २०८२ मङ्सिरमा नेप्से सूचकाङ्क केही घटेको छ। २०८१ मङ्सिर मसान्तमा २६८२.२९ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८२ मङ्सिर मसान्तमा २६०१.६२ विन्दु कायम भएको छ। वार्षिक विन्दुगत आधारमा, २०८२ मङ्सिर मसान्तमा धितोपत्र बजार पुँजीकरण १.८ प्रतिशतले सङ्कुचन भई रु.४३ खर्ब ६८ अर्ब १७ करोड कायम भएको छ। २०८१ मङ्सिर मसान्तमा धितोपत्र बजार पुँजीकरण ४४.६ प्रतिशतले वृद्धि भई रु.४४ खर्ब ४९ अर्ब ११ करोड पुगेको थियो।


चार्ट (ढ): पछिल्लो ५ वर्षको मङ्सिर मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२।

६६. २०८२ को मङ्सिर महिनामा धितोपत्र कारोबार भएको पहिलो दिन मङ्सिर १ गते २५५०.३७ विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः बढ्दै मङ्सिर ११ गते महिनाकै उच्च विन्दु २६७६.०४ मा पुगेको थियो। मङ्सिर महिनाभर विभिन्न उतार चढावका बीच नेप्से सूचकाङ्क महिनाको अन्तिम कारोवार भएको दिन मङ्सिर २९ गते २६०१.६२ विन्दु कायम भएको छ।

चार्ट (ण): २०८२ मङ्सिर महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८२।